नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फागुन २०७१ (February 2015) वर्ष १९/अङ्क २१५

## परमेश्वर प्रेम हुनुहुन्छ

– पाष्टर अशोक मुखिया

परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८, १६)। यसैकारण परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो । आफ्नो एक मात्र पुत्रलाई पनि बाँकी नराखी हाम्रो लागि दिइहाल्नुभयो (यूहन्ना ३:१६) । यही प्रेममा येशू खीष्ट हामी पापी छँदै हाम्रा सबै अधर्म बोकेर क्रूसमा मर्नुभयो (रोमी ५:८), क्रूसको आखिरी घडीसम्म पनि प्रेम गरिरहनुभयो (लूका २३:३४) । यो प्रेम अनन्तसम्मको लागि हो (यशैया ४९:१५-१६) । येशू प्रभु स्वर्गमा जानुअघि चेलाहरूलाई व्याकूल र विचलित नहुनलाई भन्नुभयो (यूहन्ना १४:१) । "म तिमीहरूलाई टुहुरा छोड्ने छैन तर पितासँग बिन्ती गर्नेछु र उहाँले अर्को सल्लाहकार, शान्तिदाता अर्थात् पवित्र आत्मा पठाइदिनुहुनेछ जो सधैँभरि तिमीहरूसँग रहनुहुनेछ" (यूहन्ना १४:१६-१८)। परमेश्वरको प्रेमको बयान नै गन सकिन्न। .... तेरो निम्ति मेरो अटल प्रेम हटाइनेछैन (यशैया ५४:१०) । उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ । किनकि उहाँ कहिल्यै परिवर्तन हुनुहुन्न ।

खीष्ट येशू प्रभुलाई हामी जति जनाले मुक्तिदाता अनि प्रभु भनी विश्वास गरेका छौं, खीष्टद्वारा परमेश्वरसँग मिलाप पाएका भई परमेश्वरका छोराछोरी, सन्तान कहलिएका छौं (यूहन्ना १:१२, गलाती ४:६-७, रोमी ५:१, ११) । हामी प्रेम पाउने योग्यका होइनौं तर उहाँले हामीहरूलाई प्रेम गर्ने इच्छा गर्नुभएको कारणले गर्दा प्रेम गर्नुभएको हो (एफिसी २:४) ।

यसैले यो प्रेमबाट हामीलाई कसैले पनि अलग गर्न सक्दैन (रोमी ८:३९) । **जहाँ हाम्रो पापको लेखा छैन (रोमी ४:७-८), पापको सम्झना छैन (हिब्रू ८:१३, १०:१७, यर्मिया ३१:३४) पापअनुसारको व्यवहार छैन (भजनसंग्रह १०३:१०, मीका ७:१८-१९)।** जुन प्रेमभित्र धीरज, दया छ; जहाँ डाह, शेखी, हठी, ढीट, जिद्दी, झर्को, खराब, असत्य छैन साथै प्रेमको अन्त्य पनि छैन (१ कोरिन्थी १३:४-८) । जसरी उडाउ पुत्रले बुवाको प्यार, प्रेम, माया सबै लत्याएर टाढा गएता पनि छोराप्रतिको बुवा (पिता) को प्रेम कहिले पनि टाढा भएन जसको कारण छोरा जब फर्कि आयो उही प्यार, प्रेम, माया छोराले पायो (लूका१५:१८-२४) । भजन २६:३ मा भजन गाउने मानिस दाऊदले भनेझैं, "किनकि तपाईंको प्रेम जहिले पनि मेरो सामु छ ।"

प्रेम यसैमा छ कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं तर उहाँले हामीलाई प्रेम गर्नुभयो ... (१ यूहन्ना ४:१०)। परमेश्वरबाटको प्रेम हामीले कमाएका होइनौं तर सित्तैंमा अनुग्रहद्वारा पाएका हौं । यसैले यही प्रेमलाई मगजले मात्र होइन तर हृदयले आत्मासात गरी हामी परमेश्वरको प्रेममा जिएको परमेश्वर चाहनुहुन्छ । ... खीष्टको प्रेमलाई थाहा पाउन सक (एफिसी ३:१९) । यसैले प्रभु भन्नुहुन्छ, "तिमीहरू मेरो प्रेममा रहो (यूहन्ना १५:९), जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ र परमेश्वर त्यसमा रहनुहुन्छ (१ यूहन्ना ४:१६); किनकि परमेश्वरको हामीप्रतिको प्रेम सिद्ध छ । सिद्ध प्रेममा पाप, मृत्यु, नरककुण्डको श्राप दण्ड कुनै पनि कुराको डर छैन । अब हामी यी कुराहरूबाट डराउनु पर्दैन (रोमी ८:१५)। सिद्ध प्रेमले डरलाई हटाउँछ । जो डराउँछ, प्रेममा त्यो सिद्ध भएको हुँदैन किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ (१ यूहन्ना ४:१८) । खीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन (रोमी ८:१) । परमेश्वरले हामीलाई डरको आत्मा होइन तर शक्ति, प्रेम र आत्मासंयमको आत्मा दिनुभएको छ (२ तिमोथी १:७) ।

खीष्टमा हामी नयाँ सृष्टि भएका छौं (२ कोरिन्थी ५:१७) । जसरी परमेश्वरले हामीलाई खीष्टमा त्यही प्रेमले हेर्नुहुन्छ जहाँ हामीलाई धर्मी, पवित्र, प्रिय, आशिषित् छोराछोरीको रूपमा देख्नुहुन्छ र त्यसअनुसार नै व्यवहार पनि गर्नुहुन्छ । त्यसरी नै हामीहरूले पनि आफैलाई आफ्नै हेराई र सोचाइले होइन तर परमेश्वरबाटको हेराईले हेर्न सकौं (१ यूहन्ना ३:१) र प्रेमिलो परमेश्वर पितालाई प्रेम गर्दै प्रेममा बढेको, जिएको, रमाएको, आनन्दित छोराछोरीहरू भएर जिउन सकौं (१ यूहन्ना ४:१९) ।

परमेश्वरले हामीलाई प्रेम गर्नुभएको मात्र होइन तर उहाँको प्रेम हाम्रो हृदयमा खन्याइदिनुभएको छ (रोमी ५:५) । हाम्रो इसाई जीवन क्षमा दिने-लिने, नम्रता, एकता, प्रेम, अरूलाइ आफूभन्दा श्रेष्ठ ठान्ने, प्रेममा आधारित जीवन होस् (कलस्सी ३:१२-१४)। हामी जे गर्छौं ती सबै प्रेममा गरिएका होऊन् (१कोरिन्थी १६:१४)। परमेश्वरको इच्छा पनि यही छ । यसैले यो प्रेम एकआपसमा र अरूहरूसँग बाँडेर परमेश्वर पितालाई महिमा दिन र धेरैको लागि आशिष् बन्न सकौं (यूहन्ना १३:३४-३५) ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| फागुन २ गते फरवरी १४ ता. | एल्डर सामुएल क्षेत्री | श्री सरुष मान तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर छ्योगेन रोंगोंग | पाष्टर दफ्ता सादा | श्री श्रीराम सुर्खेती | एल्डर जनक लाल श्रेष्ठ |
| फागुन ९ गते फरवरी २१ ता. | पाष्टर अशोक मुखिया | डीकन राजु तामाङ्ग | श्री सिद्धि खालिङ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर रूबेन श्रेष्ठ | श्री स्टिफन राई | डीकन घन श्याम दाहाल |
| फागुन १६ गते फरवरी २८ ता. | एल्डर दिनेश न्यौपाने | एल्डर पूर्ण सुनुवार | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन नवराज के.सी. | संयुक्त सेवा ललितपुर चर्च |
| फागुन २३ गते मार्च ७ ता. | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास पाष्टर राजेन्द्र रोंगोंग | डीकन घनश्याम दाहाल | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

### आशिष् देऊन् पिताले सदा सर्वदा –

पाष्टर, अभिभावक, असल गोठालो
अन्धकारकाहरूलाई पारचौ उज्यालो,
जवानी अवस्थामा घर छाडी आयौ
भोका हामी भेडालाई तिमीले खुवायौ ।

नाम कमायौ इसाई जगतमा
विश्वास राखी ख्रीष्टकै रगतमा,
त्यागी बन्यौ येशूकै खातिर
मेटाई शोकितको सबै पिर ।

श्रद्धेव, प्रिय, सबैले मानेका
संरक्षक, पवित्र, शिक्षक बनेका,
प्रलोभन त्यागी बन्यौ निस्वार्थी
सिकायौ हामीलाई बन्न परस्वार्थी ।

किशोर रबर्ट उताबाट आए
निराश हृदयमा यता आशा दिलाए,
बनेनौ  विचलित न दुःख न सुखमा
मिठो बोली उनको सदैव मुखमा ।

पहाड कन्दरा, गाउँ र बेंसी
पुग्यौ त्यहाँ तिमी सुसमाचारका लेखी,
भएन तिमीमा कवै पैसाको आश
बनेनौ कहिल्यै जीवनमा निराश ।

जीवन दर्शन परिश्रम त्याग
सिक्छौं तिमीबाट हामी पनि आज,
आयु लामो होस् धरतीमा रहँदा
आशिष् देऊन् पिताले सदा सर्वदा ।
आशिष् देऊन् पिताले सदा सर्वदा ॥

– एल्डर दिल थापा

गुरुबा रोबर्ट कार्थकको ९० औं जन्म–दिनमा !!

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी



लगन बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती कान्छी थापा मगर ६१ वर्षको उमेरमा पौष १७ गते/जनवरी १ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



नयाँ वानेश्वर थापा गाउँ बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती केशरी खाती ७४ वर्षको उमेरमा माघ ७ गते/जनवरी २१ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

### कार्यक्रम

**फरवरीः**

माघ २५ गते/फरवरी ८ ता. आइतबार बिहान १०:००-५:०० बजेसम्म **नेइम परिषद्को रीट्रिट** ज्ञानेश्वर मण्डलीमा ।

माघ २७ गते/फरवरी १० ता. मंगलबार **नेइम पूर्णकालिन सेवक/सेविकाहरूको रीट्रिट** नेइम ललितपुर मण्डलीमा ।

फागुन ५ गते/फरवरी १७ ता. मंगलबार बिहान १०:००-३:०० बजेसम्म **नेइम संयुक्त पुरुष रीट्रिट** धापासीमा ।

**मार्चः**

फागुन २१ गते/मार्च ५ ता. बिहीबार बिहान ७:००-५:०० बजेसम्म **नेइम युवा रीट्रिट** आ-आफ्नो मण्डलीमा ।

फागुन २४ गते/मार्च ८ ता. आइतबार बिहान १०:००-२:०० बजेसम्म **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट** नेइम जोरपाटी मण्डलीमा ।

माघ १० गते (जनवरी २४ तारिख) शनिबार नेइम गोंगबूँ मण्डलीमा ४ जनाले समर्पण गर्नुभयो ।

नेइम ज्ञानेश्वर मण्डलीको मिनिष्ट्री क्षेत्रमा कार्यरत श्री प्रेम  आले मगर मलेशियामा रहेका नेपालीहरूको बीचमा सेवकाइ गर्न तीन वर्षको लागि माघ २३ गते/फरवरी ६ ता. शुक्रबार मलेशिया जानुभएको छ ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
| फागुन २ गते फरवरी १४ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री राजु तामाङ्ग |
| फागुन ९ गते फरवरी २१ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर कर्ण तामाङ्ग | डीकनेस् नविना लिम्बू | श्री सुरेन्द्र सापकोटा |
| फागुन १६ गते फरवरी २८ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | डीकन अर्जुन ढकाल | डीकन जिल्बर्ट मिशो | श्रीमती शान्ति तामाङ्ग |
| फागुन २३ गते मार्च ७ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर एल.पी.न्यौपाने | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |

# हार्दिक बधाई



पौष २० गते/जनवरी ४ तारिख आइतबार नेइम गोंगबूँ मण्डली को सदस्य श्री **जय कुमार सिंह** र रामघाट मण्डली पोखराकी सदस्य सुश्री **संगीता गुरूङ्गको** रामघाट मण्डली पोखरामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती जय कुमार/संगीता सिंह**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



पौष २७ गते/जनवरी ११ तारिख आइतबार नेइम ललितपुर मण्डलीको सदस्य श्री **सिमोन के.सी.** र भिन यार्ड मण्डली, यू.एस.ए. की सदस्य सुश्री **करिना बार्गरको** पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान्/श्रीमती सिमोन/करिना के.सी.**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ ४ गते/जनवरी १८ तारिख आइतबार नेइम गोंगबूँ मण्डलीको सदस्य श्री **अनिल गुरूङ्ग** र नेपाल खीष्टिय मण्डली, पोखराकी सदस्य सुश्री **स्मृति राईको** नेपाल खीष्टिय मण्डली पोखरामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान्/श्रीमती अनिल/स्मृति गुरूङ्ग**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ ४ गते/जनवरी १८ तारिख आइतबार नेइम सिर्जनानगर मण्डलीकी सदस्य सुश्री **सिर्जना सुनुवार राई** र हिलसङ्ग चर्च, सिड्नी, अष्ट्रेलियाको सदस्य श्री **रूद्र राईको** नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती रूद्र/सिर्जना राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ ५ गते/जनवरी १९ तारिख सोमबार नेइम गोंगबूँ मण्डलीको सदस्य श्री **राम कुमार सेन्चुरी** र रामघाट मण्डली, पोखराकी सदस्य सुश्री **दिल कुमारी बि.क.को** रामघाट मण्डली पोखरामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती राम कुमार/दिल कुमारी सेन्चुरी**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ ५ गते/जनवरी १९ तारिख सोमबार नेइम ललितपुरअन्तर्गतको छोरी संगति ढोलाकी सदस्य सुश्री **समिता शाक्य** र एबेनेजर ब्याप्टिस्ट मण्डलीको सदस्य श्री **रिजन भुषाल**को नेइम ढोला संगति धादिङ्गमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती रिजन/समिता भुषाल**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ १५ गते/जनवरी २९ तारिख बिहीबार नेइम ललितपुर मण्डलीको सदस्य श्री **चित्र घिमिरे** र आराधना मण्डली, हेटौंडाकी सदस्य सुश्री **अभिलाषा प्याकुरेलको** आराधना मण्डली, हेटौंडामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान्/श्रीमती चित्र/अभिलाषा घिमिरे**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# प्रार्थनाका विषयहरु

१) देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलाप मागिदिऔं साथै सबैको हित हुने ठीक संविधान समयमा बन्न सकोस् ।

२) वर्षभरि हुने मण्डलीअन्तर्गतका सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति आत्मिक सेवा साथै आराधना सेवामा आशिष् मागिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २५ 8<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>**एफिसी ४:१७-३२** | ३ 15<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनको निम्ति पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**भजनसंग्रह ७८:७१-७२** | १० 22<br>नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डली तथा संगतिहरूको सेवक/सेविका, मण्डली र सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ३७:३-७, ११** | १७ March 1<br>सबै खीष्टिय संघ संस्थाहरूमा सेवकाई गर्नुहुने सेवक सेविका-हरूको लागि आशिष मागिदिऔं ।<br>**२ तिमोथी ४:५** |
| **सोमबार Monday** | २६ 9<br>विश्वासीहरूको जीवनमा प्रार्थनाको साथै पारिवारिक वेदी नसेलाएको होस् ।<br>**रोमी १२:१२, लेवी ६:१२-१३** | ४ 16<br>अधुरा परिवारकाहरूले पनि येशू प्रभुलाई विश्वास गर्न सकून् साथै प्रभुबाट टाढा भएकाहरू पनि सबै प्रभुमा फर्कि आउन सकून् ।<br>**यशैया ५१:१-६,११** | ११ 23<br>परमप्रभु परमेश्वरलाई सधैं आदर, प्रशंसा, प्रेम गर्दै सबै कुराको निम्ति महिमा दिइरहन सकौं ।<br>**भजनसंग्रह ८९:१४-१७** | १८ 2<br>बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बोझ दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>**भजन ७८:१-८, २ तिमोथी ३:१४-१५** |
| **मंगलबार Tuesday** | २७ 10<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>**प्रेरित २:४२-४७** | ५ 17<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिहरूद्वारा हामी दिन प्रतिदिन परिपक्वतातिर बढ्दै जान सकौं ।<br>**२ को. ३:१८, २ तिमोथी ३:१४-१७** | १२ 24<br>विभिन्न देशहरूमा काम, पढाई तथा अन्य कारणले जानु भएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | १९ 3<br>स्कूल, क्याम्पस, उच्च शिक्षा साथै विभिन्न तालिम लिइराख्नु भएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ९६:१०-१२, याकूब १:१७** |
| **बुधबार Wednesday** | २८ 11<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभुलाई आदर दिनेहरू हुन सकौं ।<br>**भजन ११८:१५, कलस्सी ३:१६-१७** | ६ 18<br>परिवारका छोराछोरीहरू आफ्ना बाबु-आमालाई आदर र प्रेम गर्ने हुन सकून् ।<br>**हितोपदेश२३:२२-२५, एफिसी६:१** | १३ 25<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो सहनपरेका हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ११८:५-१६** | २० 4<br>परिवारका आमा बाहरूले आफ्ना छोराछोरीहरूलाई प्रभुको प्रेम र शिक्षामा साथै उदाहरण भएर हुर्काउन सकून् ।<br>**व्यवस्था ६:४-१२, एफिसी ६:४** |
| **बिहीबार Thursday** | २९ 12<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>**यशैया २९:१३, यहून्ना ४:२३-२४** | ७ 19<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पत्तिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**मत्ती ५:१६, १९:४-६** | १४ 26<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ५५:२२,१४७:३** | २१ 5<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ६१:८-९** |
| **शुक्रबार Friday** | १ फागुन 13<br>वचनको सेवकाइ गर्नुहुने, आराधना अगुवाइ गर्नुहुने साथै वचन सुन्ने सबैको लागि प्रार्थना गरिदिऔं ।<br>**१ कोरि. २:१२-१३, मत्ती ७:२४-२७** | ८ 20<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह २६:८, १२२:१-४** | १५ 27<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | २२ 6<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| **शनिबार Saturday** | २ 14<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाई, व्यवसाय तथा खेतीपातीको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>**२ कोरिन्थी ९:६-१३** | ९ 21<br>परमेश्वरले हामीप्रति गर्नुभएका महान् प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>**भजनसंग्रह १०५:१-१५** | १६ 28<br>सेवा संगतिको महत्व बुझी आफै पनि साथै अरूलाई पनि सेवा संगतिमा जानको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>**हिब्रू १०:२४-२५** | २३ 7<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून ।<br>**रोमी १२:६-८** |